नियम नं: - १६

# रामप्रसादराई गाउँपालिका

# गाउँ कार्यपालिको कार्यालय

## वैकुण्ठे , भोजपुर

## १ नं प्रदेश , नेपाल

(गाउँ कार्यपालिकाबाट स्विकृत मिति २०७५/०२/१०)

रामप्रसादराई गाउँपालिका

# प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन

# २०७५

# रामप्रसादराई गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम रामप्रसादराई गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम रामप्रसादराई गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन रामप्रसादराई गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले रामप्रसादराई गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले रामप्रसादराई गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) “गाउँपालिका” भन्नाले रामप्रसादराई  गाउँपालिका सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको गाँउसभा सम्झनु पर्छ ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

रामप्रसादराई गाउँपालिका

३. **<u>नियम बनाउने अधिकार</u>** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त रामप्रसादराई गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**<u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने</u>**:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही रामप्रसादराई गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

रामप्रसादराई गाउँपालिका